प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय, इलाम

कोशी प्रदेश, नेपाल

मिति:- २०८३/०५/१०

विषय:- निजी स्वास्थ्य संस्था दर्ता नविकरण गर्ने सम्वन्धी सूचना ।

प्रस्तुत बिषयमा स्वास्थ्य संस्था स्थापना संचालन तथा स्तरोन्ती मापदण्ड सम्वन्धी निर्देशिका २०७० को नियम १२ अनुसार स्वास्थ्य संस्थाले सेवा संचालनको अनुमति अवधि समाप्त भएको मितिले तिन महिना भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष नवीकरणका लागि निबेदन दिनु पर्नेछ भन्ने ब्यवस्था रहेकोले यस स्वास्थ्य कार्यालय इलामबाट सेवा संचालनको अनुमति पाएका आ.व. २०८३/०८४ मा नविकरण गर्नु पर्ने स्वास्थ्य संस्थाहरुले देहाय अनुसारका कागजात संलग्न राखि २०८३।०६।३० गते भित्रमा यस कार्यालयमा निर्देशिकाको अनुसुची ४ बमोजिम अनुसुची ५ अनुसारका सेवाको किसिम खुलाएर निबेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै सेवा संचालनको अनुमति पत्र नलिई संचालनमा रहेका स्वास्थ्य संस्थाले उल्लेखित मिति भित्र निर्देशिका अनुसारका प्रावधान पूरा गरी दर्ताका लागि निवेदन पेश गर्नु पर्ने र सेवा संचालनको अनुमति लिएता पनि नविकरण नगरी संचालन भई रहेका स्वास्थ्य संस्थाहरुले पनि उल्लेखित मितिमा देहायका कागजात पेश गरि तोकिएको भन्दा दोब्बर दस्तुर तिरी संचालन अनुमति नविकरण गराई सक्नु पर्ने जानकारी गराईन्छ । तोकिएको समयमा संचालन अनुमतिको लागि निबेदन पेश नगर्ने र नविकरण नगरेमा नियमानुसार कारवाही हुनेछ ।

<u>नविकरणका लागि दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु</u>

१. फर्म तथा ब्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपिहरु ।
२. आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. आ.व. २०८२/०८३ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।
४. स्वास्थ्य संस्थामा कार्यरत प्राबिधिक जनशक्तिको बिवरण ।
५. स्वीकृति/नविकरण पश्चात नियुक्ति भएका प्रबिधिक जनशक्ति भए निजको योग्यता, करार सम्झौता र नियुक्ति पत्रको प्रतिलिपि ।
६. सेवा शुल्क र औजार उपकरण बिवरण ।
७. सेवाको बार्षिक प्रतिवेदन (छुट दिएको बिवरण समेत)

कार्यालय प्रमुख

E-mail: dphoilam@gmail.com ☎ ०२७-५२३०३६

"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"

Scanned with CamScanner